हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

बर्ष : ०१ अंक : ४१ पृष्ठ : ४ २०७७ भदौ ९ गते मंगलबार (Tuesday 25 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost



लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।



लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३


प्रदेश २ मा कोरोना संक्रमितको संख्या बढ्दो

## सिरहामा कोरोना संक्रमणबाट थप एकको मृत्यु, मृत्यु हुनेको संख्या ४ पुग्यो

**लहान** । सिरहाको लहान नगरपालिका-२४ गोविन्दपुर गाउँका एक युवकको कोरोना भाइरस ( कोभिड-१९) को संक्रमणबाट मृत्यु पुष्टि भएको छ ।

भदौ २ गते उनी विरामी हुँदा उपचारका लागि धरान स्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । सोमबार उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए ।

उपचार गराउन धरान पुग्दा उनको पीसीआर जाँचको लागि स्वाब लिइएको थियो । सोमबार रिर्पाट पोजेटिभ आयो । त्यहीदिन उनको मृत्यु भएको छ । मृतक युवक मुटुको विरामी र लागुऔषध सेवनकर्ता रहेको बुझिएको स्वास्थ्य प्रमुख यादवले बताए । उनको शव ल्याएर नेपाली सेनाले व्यवस्थान गर्ने जानकारी गराइएको छ । योसहित सिरहामा कोरोनाबाट ४ जनाको मृत्यु भएको छ ।

यसैगरि, सोमबारै सिरहामा थप ४ जनामा कोराना संक्रमण पुष्टि भएको छ । उनीहरु बरियारपट्टि, लहान नगरपालिका र सुखीपुर नगरपालिकाका १८ देखि ८४ वर्षका छन् । योसँगै जिल्लामा सक्रिय संक्रमितको संख्या १६३ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**प्रदेश २ मा पीसीआर मेसिन थपिने**

हाल प्रदेश २ को पर्सा, बारा, रौतहट, महोत्तरी, सर्लाही सप्तरीसहितका जिल्लामा कोरोना संक्रमितको संख्या बढिरहेका छन् । संख्या बढेसँगै संक्रमितले उपचार नपाउने अवस्था सिर्जना भएको छ । कोरोना संक्रमितको संख्या बढ्न थालेपछि प्रदेश २ सरकारले जनकपुर, राजविराज र वीरगञ्जमा पीसीआर मेसिन थप गर्ने र सिरहा, महोत्तरी, सर्लाही, बारा र गौर अस्पतालका लागि पीसीआर मेसिन खरिद गर्ने निर्णयगरेको छ । ती जिल्लामा प्रयोगशाला सञ्चालनका लागि करार सेवामा जनशक्ति पदपूर्ति गर्ने निर्णय पनि गरिएको छ ।




त्यसैगरी प्रदेशमारहेका निजी अस्पताल र मेडिकल कलेजलाई कोरोना संक्रमितको उपचारका लागि प्रयोग गर्ने भएको छ । प्रदेश २ सरकारले प्रत्येक जिल्लामा कम्तीमा ४ वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने निर्णय पनि गरेको छ । प्रमुख जिल्ला अधिकारीको समन्वयमा परिचालन हुने गरी एम्बुलेन्स तयारी अवस्थामा राखिने प्रदेश सरकारले जनाएको छ ।

प्रदेशभित्रका प्राथमिक स्वास्थ्य केन्द्रलाई लेभल १, जिल्ला अस्पताललाई लेभल २ र प्रादेशिक अस्पताल जनकपुरधामलाई लेभल ३ कोभिड अस्पतालको रूपमा स्तरोन्नतिका लागि पूर्वाधार विकास गर्ने निर्णय पनि गरेको छ ।

भदौ २ गते बसेको प्रदेश संकट व्यवस्थापन केन्द्रको बैठकले संघीय सरकारले तोकेको दररेट अनुसार रकम दिएर ती अस्पतालाई कोरोना संक्रमितको उपचारमा प्रयोग गर्ने निर्णय गरेको हो ।


बाँकी ३ पेजमा


## जन्मदिनको उपलक्ष्यमा गरिबलाई 'ग्यास चुल्हो'

**लहान** । लहानकी समाजसेवी संगीता कर्माचार्यले जन्मदिनको उपलक्ष्यमा एकल महिलालाई 'ग्याँस-चुल्हो' उपहार दिएकी छन् ।

उनले जन्मदिनमा मनाउन लाग्ने खर्च बराबरको 'ग्याँस-चुलो' किनेर गरिब महिला ७४ वर्षीया छोबीदेवी बंगालीनलाई उपहार दिएकी हुन् । बंगालीन लहानस्थित शिव चौकको एक कठघरामा चिया पसल गरी गुजारा गर्दै आएकी छिन् ।

केही दिन अगाडि उनको कठघरामा रहेको ग्यास चुलो चोरी भएपछि लकडाउनमा गुजारा चलाउन समस्या परेको थियो । समाजसेवी संगिताले यो कुरा थाहा पाएपछि आफ्नो जन्मदिनको अवसर पारेर ग्याँस चुलो उपहार दिइन् । 'ग्याँस-चुलो' पाएपछि उनी खु:शीले गदगद भइन् । 'ग्याँस-चुलो' बुझ्दै ति एकल महिलाले समाजसेवी संगीतालाई जन्मदिनको शुभकामना समेत दिइन् ।

समाजसेवी संगीता र उनका पति महेश चौधरी पछिल्लो समय लहानमा चर्चाको पात्र बनेका छन् । लकडाउनका कारण हातमुख जोड्न समस्या भएका लहानका कैयौं गरिब दलितलाई राहत बाँडेपछि संगीता र महेशको जताततै चर्चा चलिरहेको छ । केहि दिनअगाडी महेशले गरिब बस्तीमा इनार निर्माण गरी आफ्नो जन्मदिन मनाएका थिए । लहानमा अहिले महेश र संगीतालाई 'मस' जाडी भनेर चिनिन्छ ।

## के मास्क धोएर लाउन मिल्छ? दिनदिनै फेर्नुपर्छ कि एउटै लगाइरहे हुन्छ?

कोरोना संक्रमणबाट सुरक्षित रहन मास्क लगाउनुपर्छ भन्ने सायद अहिलेसम्म सबैले बुझिसके । तर, मास्क कसरी लगाउने र कस्तो लगाउने भन्नेमा धेरैलाई अन्यौल नै देखिन्छ । सबभन्दा ठूलो अन्यौल त एन-९५ मास्कले ल्यायो ।

सुरुका दिनमा भल्भ भएको एन-९५ मास्क सुरक्षित हुन्छ भनेर धेरैले त्यस्तै लगाए । पछिल्लो समय भने त्यो मास्क कोरोना संक्रमण रोक्न भरपर्दो मानिएन। त्यसले मास्क लगाउने व्यक्ति सुरक्षित रहे पनि ऊ संक्रमित छ भने अरूलाई सुरक्षा नगर्ने कुरा सार्वजनिक भयो । कतिपय व्यक्तिले भित्र सर्जिकल मास्क लगाएर बाहिर एन-९५ लगाएको पनि देखियो ।

हामीकहाँ सर्जिकल मास्क वा एन-९५ मास्क दुई-तीन दिन लगातार लगाउने र धोएर फेरि प्रयोग गर्ने चलन पनि छ । के यस्तो गर्नु राम्रो हो ? यति मात्र होइन, कपडाको मास्क लगाउनु ठिक हो कि होइन र आफूलाई संक्रमण नभए पनि मास्क लगाएर हिंड्न किन जरूरी छ भन्ने अन्यौल पनि हामीकहाँ उत्तिकै छ ? यिनै प्रश्न र जिज्ञासाबारे सरूवारोग विशेषज्ञ डाक्टर अनुप सुवेदीले केही दिनअघि सांसद गगन थापासँगको फेसबुक संवादमा जवाफ दिएका छन् । सबभन्दा पहिला एन-९५ मास्कको कुरा गरौं । डा. सुवेदीका अनुसार भल्भ भएको एन-९५ मास्कले बाहिरबाट भित्र जाने हावा त रोक्छ, तर भित्रबाट बाहिर आउने हावा रोक्दैन ।

'हामीले सास फेर्दा, खोक्दा वा हाच्छियूँ गर्दा थुकको छिटा बाहिर नजाओस् भनेर मास्क लगाउने हो । तर, भल्भ भएको एन-९५ मास्कले त्यस्तो छिटा


बाँकी ३ पेजमा


## भित्री पृष्ठमा


सम्झनामा नेपाली कांग्रेस र 'सुब्बा औरही' पेज २ मा

'देउवालाई हराउन सक्ने म मात्रै हुँ' : शशांक कोइराला पेज ३ मा

समुदायका लागि स्वराज
स्तम्भ : पालिका बहस पेज ४ मा



## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!



हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरुको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरुमा अनुरोध छ ।

## हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**फुलेश्वर महतो**

पूर्व नगर उपसभापति, नेपाली कांग्रेस लहान नगर समिति
पूर्व अध्यक्ष, रा.उ.स्मारक अस्पताल विकास समिति लहान

# सम्पादकीय

## पर्यटन प्रबर्द्धनमा जोड दिऔ

जहाँ पर्यटनको विकास हुन्छ, त्यहाँ आर्थिक उन्नतिले गतिलो मार्ग प्राप्त गर्छ । अर्थतन्त्रलाई सफल बनाउने हो भने सबैभन्दा पहिले पर्यटन क्षेत्रको विकास गर्न जरुरी छ । एउटा पर्यटन कुनै ठाउँमा मनोरन्जका लागि होस वा त्यस क्षेत्रको अवलोकन गर्न, जुन कामले गएपनि उसलाई आवश्यक पर्ने सेवासुविधाहरूमा रकम खर्च गर्नुपर्ने हुन्छ । उसले खर्च गरेको रकमले व्यवसायिक आर्थिक जीवनस्तरमा सुधार गर्नुका साथै मुलुक र त्यस ठाउँको आर्थिक उन्नतिमा समेत सहयोग पुऱ्याउने गर्दछ । त्यसैले अर्थतन्त्रलाई पनि उच्च विन्दुमा राख्नका लागि सबैभन्दा पहिले यहाँ पर्यटन क्षेत्रको विकास गर्न जरुरी छ ।

ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्व बोकेका पर्यटकीय सम्भावनाका क्षेत्रलाई लगानीको आवश्यकता रहेको छ । धार्मिक पर्यटकीय सम्भावना बोकेका क्षेत्रमा संघ, प्रान्त र स्थानीय सरकारले लगानी बढाउन नसकेका कारण र सो ठाउँमा आगन्तुकको सेवा सुविधा अपर्याप्त भएकै कारण पर्यटकीय विकास ओझेलमा परेको छ । तीनै तहका सरकारले त्यस्ता क्षेत्र लगानी गरेर त्यहाँको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक छ ।

लहान नगरपालिका क्षेत्रलाई हेर्ने हो भने ऐतिहासिक तथा पुरातात्विक सम्पदाका कारण लहान नगरपालिका पर्यटकीय क्षेत्रको लागि जिल्लामैं सम्पन्न नगरपालिकामा परिणत भएको छ । नगरपालिकाका अधिकांश वडामा पर्यटकीय क्षेत्र छन् । ती पर्यटकीय क्षेत्रका कारण लहान नगरपालिका पर्यटनका लागि सम्भावित नमुना नगरक्षेत्र बन्ने सम्भावना प्रबल छ । नगरपालिकाको १२ नम्बर वडामा सलहेश फुलबारी, १५ मा राजदेवी स्थान, गोसाइ डाडा ताल, हात्ती दह, १६ नम्बर वडामा अवस्थित काभ्रे महादेवस्थल, १७ मा देवीदह, १८ मा पकडिया गढ, २० मा ब्रम्हाण फुलबारी, २४ मा मानिक दह र खपटे डाडा लगायत ऐतिहासिक, धार्मिक पर्यटनस्थल लहान नगर क्षेत्रभित्र छन् ।

नगरपालिकाको १६ नम्बर वडास्थित चुरे क्षेत्रको ओडारभित्र रहेको काभ्रे महादेवस्थललाई दोस्रो हलेसीको रुपमा लिइन्छ । काभ्रेपानी महादेवस्थल ओडारभित्र प्राकृतिक रुपमा उत्पति भएको शिवलिंग र त्यसमाथि गाईको थुन जस्तो ओडारभित्रको छत छ । धार्मिक क्षेत्रको रुपमा मान्यता पाएकोले काभ्रे महादेवस्थलसम्म पुग्नकै लागि सडक निर्माणलाई जोड दिन आवश्यक छ ।

पुर्वप्रधानमन्त्री माधव कुमार नेपालको नेतृत्वको सरकारले घोषणा गरेको वृहत सलहेश पर्यटकीय क्षेत्रअन्तर्गतका प्रमुख स्थलहरू सलहेश फुलबारी, पकडियागढ, देवीदह र ब्रम्हाण फुलबारी सांस्कृतिक सम्पदाभित्र सूचिकृत गरिसकिएको छ । ती सबै स्थानहरू राजा सलहेशको गाथासूग सम्बन्धित छन । ती स्थानको वृहतर विकासको लागि रणनीति बनाएर अघि बढ्न जरुरी छ ।

यसैगरी, नगरपालिकाको १५ नम्बर वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पुरा गर्ने भगवती देवीस्थानको रुपमा परिचित छ । उक्त मन्दिरमा वैशाख पूर्णिमाका दिन बोकाको बलि चढाए भाकल पुरा हुने विश्वासका कारण एकै दिनमा दशौं हजारभन्दा बढी बोकाको बलि दिइन्छ । त्यही वडामा युवा सक्रियतामा गोसाइ डाडा ताल, हात्ती दह निर्माण गरिएका छन् ।

यी सबै ऐतिहासिक तथा पुरातात्विक स्थलहरू एउटै नगरपालिकामा हुनु नै धार्मिक पर्यटनको लागि सम्पन्नताको सूचक हो । अब लहान नगरपालिकाले यी सबै ऐतिहासिक स्थलहरूको विकास गर्न सक्यो भने यो नगरपालिका पर्यटकीय क्षेत्रको रुपमा समृद्ध नगरपालिका हुन सक्छ । ऐतिहासिक तथा पुरातात्विक सम्पदाको विकास, सम्पदा संरक्षण र प्रवर्द्धनका लागि नगरपालिकाले एकीकृत गुरुयोजना तयार गरेर अगाडि बढ्न जरुरी छ ।

तसर्थ धार्मिक पर्यटनको दीगो विकास गर्न सकेमा रोजगारको बाटो खुल्छ, रोजगारी सृजना भएमा यहाँका व्यक्तिको जीवनस्तरमा सुधार आउछ । व्यक्तिको जीवनस्तरमा सुधार आएमा सिंगो मुलुकको अर्थतन्त्रको विकास हुन्छ । आर्थिक विकास भएमा शान्ति, समृद्धि र अमनचयन कायम हुन्छ । त्यसैले स्थानीय सरकारको यसतर्फ ध्यान जाओस ।

# सम्झनामा नेपाली कांग्रेस र 'सुब्बा औरही'

संस्मरण

**शिशिर यादव**



२०४८ को चुनाव थियो सिरहा जिल्लाको दक्षिण स्थित मित्रराष्ट्र भारतको बोर्डरसँगै नजिक एउटा गाउँ छ **'सुब्बा औरही'** । लामो समयसम्मको पञ्चायती राजनीतिको अन्त्य हुदै राजा वीरेन्द्र मार्फत प्रजातन्त्रको उदघोष भएको थियो । फलस्वरूप २०४८ मा आम चुनाव घोषणा गरिएको थियो । २०५ प्रतिनिधि सभाको सिटका लागि ।

पूर्णरूपले प्रजातन्त्रका लागी संघर्ष गरेका श्रद्धेय नेता सुर्यनाथ दास यादव २०१७ सालमा विश्वेश्वर प्रसाद कोइरालाको सरकारमा मन्त्री पनि थिए । देवनाथ दास यादव सांसद थिए । वहाँका सुपुत्र माओवादी (हाल नेकपा) का सांसद छन् क्षेत्र नम्बर २ सिरहाबाट । प्रसंग २०४८ सालको हो । प्रजातन्त्रको थालनी भयो । हालका सांसद सुरेश चन्द्र दास नेपाली कांग्रेसबाट निर्वाचित हुनु भयो । उहाँ नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधि सभा सदस्य बन्नुभयो ।

प्रसंग २०५१ सालको । फेरी उहाँ त्यत्तिखेर प्रतिनिधि सभा सदस्य निर्वाचित हुनुभयो र स्वास्थ्य राज्यमन्त्री समेत बन्न सफल हुनुभयो । सुब्बा औरहीले प्रजातन्त्रको इतिहास २००५ सालदेखि बोकेको अवस्था हो । र, फलस्वरूप सुरेश चन्द्र दास दुई पटक प्रतिनिधि सभा सदस्य र मन्त्री समेत हुन सफल भए । प्रजातान्त्रीक इतिहास बोकेको नेपाली कांग्रेस एक मात्र पार्टी थियो । यस्तो अवस्थामा राजालाई फालेर जनतालाई आत्मसात गर्न सक्ने पार्टी कांग्रेस थियो र छ पनि ।

भनिन्छ इतिहासले आफैलाई दोहऱ्याउँछ । २०५४-०५६ सालको चुनाव पछि सुब्बा औरहीको राजनीतिमा खबअअगझभ अचभबतभ भयो । ती अवधिमा सुरेश चन्द्र दासले चुनाव लड्नका लागि टिकट पाउनु भएन । उहाँका दाजु सुरेन्द्र दास यादवले नेपाली कांग्रेसबाट टिकट पाउनु भयो । र त्यत्तिखेर तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीका कृष्ण चरण श्रेष्ठसँग पराजित हुनुभयो । यो पराजयको ढिकुरो सुरेश चन्द्र दास माथि फोडियो । र, उहाँलाई पाँच वर्षको लागि नेपाली कांग्रेसको साधारण सदस्यबाट समेत निलम्बन गरियो । सुरेश चन्द्र दास माथिको पार्टी कारवाहीसँगै सुब्बा औरही राजनैतिक अन्धकारमा फस्यो ।

लामो समयको अन्तरालपछि एक जना नयाँ युवक उदाए सुब्बा औरहीको राजनितिमा । सायद उनमा राजनिति गर्ने चाहना बाल्यकालदेखी नै होला । उनी फरक पृष्ठभूमिका सुर्यनथ दास यादव, देवनाथ दास यादवका कान्छा भाई मटुक नाथ दास यादवका नाती सिदार्थ दास यादव हुन् । आफ्नो ३६ वर्षको उमेरसम्म उनी नेपाली कांग्रेसको भातृ संगठन तरूण दलको जिल्ला सचिव देखी जिल्ला अध्यक्षसम्म हुँदै नेपाली कांग्रेसको जिल्ला समितिमा निवार्चित जिल्ला सदस्य समेत बन्न सफल भए । राजनीति सत्ताको लागि हुन्छ र सत्तारोहण नै नेताको आकांक्षा पनि । नभन्दै त्यहि भयो । २०७४ को स्थानीय तहको आम चुनावमा उनै सिदार्थ दास यादव नेपाली कांग्रेसका तर्फबाट सुब्बा औरही को बलियो प्रत्यासी थिए । तर उनले नेपाली कांग्रेसबाट टिकट पाएनन् ।

फलस्वरूप जनताले उनलाई तत्कालीन माओवादीबाट टिकट दिलाए र उनले औरही गाउँपालिकामा प्रमुखको पदमा विजयी हासिल गरे । यो चुनाव हुँदै गर्दा सुरेश चन्द्र दास यादव नेपाली कांग्रेस मै थिए र उनलाई विश्वास थियो फेरी प्रतिनिधि सभा सदस्य बन्ने । तर राजनीतिक दाउँपेचमा उहाँले सांसदको को टिकट पाएनन् । अन्तमा उहाँ भतिज निकट पुग्न वाध्य भए । तत्कालीन माओवादी हाल नेकपाबाट आज उनी पनि सिरहा क्षेत्र नम्बर २ का निर्वाचित सांसद छन् ।

यसरी प्रजातन्त्रका लागि होमिएका पूर्व पुस्ताका सन्तानहरू कहलिदो सामन्ती शासकका छन । तर प्रयोग र बलिदानमा अग्रसर प्रजातन्त्रका नेपाली कांग्रेसका योद्धाहरूको चरित्र यो जिल्लाभित्र छताछुल्ल छ । यसको दिगो विकासको लागि प्रजातान्त्रीक पार्टी नै चाहिन्छ । तर आचरण सामन्ती राख्ने पार्टीका अग्रज पंक्तिले नेपाली कांग्रेसको योद्धाहरूको चिहान गुमाएको अवस्था छ । यस सिरहा जिल्ला भित्र ।


धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

### धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

### अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक-पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषायहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ-आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७/५/०५


शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

# ‘देउवालाई हराउन सक्ने म मात्रै हुँ’ : शशांक कोइराला



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले शेरबहादुर देउवालाई सभापतिमा पराजित गर्न सक्ने व्यक्ति आफूमात्रै भएको बताएका छन् । १४ औं महाधिवेशनमा आफू सभापतिको उम्मेदवार भएमात्रै देउवा पराजित हुने उनले बताए । पार्टी सभापतिका लागि अरू नेताहरूको दाबी रहे पनि सभापति देउवालाई पराजित गर्ने ग्यारेन्टीका साथ आफ्नो दाबी सभापतिमा रहने उनको भनाइ छ ।

न्युज एजेन्सी नेपालसँग कुरा गर्दै महामन्त्री कोइरालाले रामचन्द्र पौडेलले पनि सभापतिमा देउवालाई पराजित गर्न नसक्ने दाबी गरे । उनले भने, ‘मैले धेरैसँग परामर्श गर्दै छु । उहाँहरु तपाई नै उठ्नुपर्‍यो भन्नुहुन्छ । तर मैले धेरै साथीहरूको दाबी छ भन्छु । रामचन्द्र दाई, सिटौलाजी हुनुहुन्छ । प्रकाशमान हुनुहुन्छ । तर धेरै उठेर त भएन नि । हाम्रो लक्ष्य के हुनुपर्‍यो, हामी सबै मिलेर एकजना उठ्नुपर्‍यो । त्यसका लागि आपसमा वार्ता हुनुपर्‍यो । वार्तापछि हामी एक ठाउँमा पुग्न सकियो भने हुन्छ । व्यक्तिगत हिसाबले भन्नुहुन्छ भने शेरबहादुरजीलाई हराउने कोही व्यक्ति छ भने त्यो म नै हुँ । रामचन्द्र दाईले पनि सक्नुहुन्न । अरू जो पनि कसैले पनि सक्दैन यो ग्यारेन्टीका साथ भन्न चाहन्छु म बाहेक शेरबहादुरजीलाई हराउने व्यक्ति छैन ।’

महाधिवेशन नजिकिँदै गर्दा सभापति देउवाले क्रियाशील सदस्यता वितरण, विभाग गठनलगायतका काम विधान विपरीत गरिरहेको भन्दै उनले असन्तुष्टिसमेत जनाए । सभापति देउवाले पार्टीका विभागहरु गठन गरिरहेकोप्रति इतरपक्षले विरोध जनाउँदा पनि नसुन्ने गरेको उनको भनाइ छ । पार्टीभित्र जतिसुकै विरोध गर्दा पनि सभापतिले कुरा नसुन्ने गरेको उल्लेख गर्दै उनले यसको जवाफ महाधिवेशनबाट दिनुपर्ने बताए ।

उनले भने, ‘उहाँले मनोमानी गर्नुभयो । सभापतिले गरेका कामहरूको विरोध त गरिसकेका छौँ । उहाँ कुरा सुन्नुहुन्न महाधिवेशन आउँछ त्यसमा निर्णय गर्नुपर्‍यो । किनकि अरू विकल्प छैन । पार्टीमा सबैभन्दा शक्तिशाली व्यक्ति भनेको सभापति हो तर उहाँको निर्णय गर्न सक्ने क्षमतामा प्रश्न आयो । अहिले विभाग गठन भइरहेको छ । यो ९ महिनामा विभाग गठन गरेर के गर्नुहुन्छ ? उहाँले मान्छे आकर्षित गर्नका लागि विभाग गठन गर्नुभयो भोटका लागि । भोलि महाधिवेशन आउँदैछ त्यसमा आकर्षित गर्नका लागि विभाग मनपरी बनाउनु भयो । ९ महिनामा विभागले के गर्न सक्छ भनेर भन्दा पनि मान्नु भएन । महाधिवेशनका लागि पार्टीमा गुट उपगुट हुनु स्वाभाविक भए पनि त्यसपछि पनि गुटकै आधारमा पार्टी सञ्चालन गर्न खोज्नु सभापति देउवाको कमजोरी भएको उनको भनाइ छ । आफु सभापतिमा निर्वाचित भएपछि सबैभन्दा पहिले पार्टीलाई एकजुट बनाएर अगाडि बढाउने दाबी कोइरालाले गरे ।

तोकिएकै मिति फागुन ७ गते महाधिवेशन सम्पन्न भएमात्रै आगामी निर्वाचनमा पार्टीलाई सही स्थानमा ल्याउन सकिने उनले बताए ।

## सिरहामा कोरोना ...

मेडिकल कलेज तथा निजी अस्पतालले असहयोग गरेमा संघीय सरकारलाई लेखेर पठाउने वा कानुनी कारबाही गर्ने निर्णय पनि प्रदेश सरकारले गरेको छ ।

बैठकले बिरामी उपचार नगरी फर्काउने सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थालाई त्यसो नगर्न निर्देशन दिएको छ । यदि बिरामी उपचार नपाई फर्काइए कानूनी कारबाही गर्ने पनि बैठकले निर्णय गरेको छ ।

बैठकले कोरोना संक्रमण, उपचार र रोकथामका लागि उत्कृष्ट काम गर्नेस्वास्थ्यकर्मी, सुरक्षाकर्मी र कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय पनि गरेको छ ।

## के मास्क धोएर ...

बाहिर जानबाट रोक्दैन । यसले बाहिरको छिटा भित्र प्रवेश गर्न भने दिँदैन,’ उनले पूर्व स्वास्थ्यमन्त्री थापासँगको कुराकानीमा भने ।

कोरोना महामारी नियन्त्रण गर्न आफू मात्र होइन, अरूलाई पनि संक्रमणबाट जोगाउनुपर्ने हुँदा यस्तो मास्क लगाउनु ‘सामाजिक रूपमा अनुत्तरदायी व्यवहार’ भएको डा. सुवेदीले बताए । ‘कतिपय मान्छेले एन–९५ भित्र छुट्टै सर्जिकल मास्क पनि लगाउन थाल्नुभएको छ । तर, सर्जिकल मास्क लगाएपछि अर्को लगाउनुपर्दैन,’ उनले भने, ‘मास्क लगाउँदा कत्तिको टाइट फिटिङ छ भनेर पनि ध्यान दिनुपर्छ । माथि, तल वा छेउछाउबाट हावा छिर्ने गरी खुकुलो छ भने त्यसले संक्रमणबाट बचाउन सक्दैन ।’

यस्तो अवस्थामा कपडा राखेर, टेप लगाएर वा अन्य तरिकाबाट मास्कलाई टाइट फिटिङ गराउनुपर्ने उनले सुझाए । ‘मास्क धोएर फेरि–फेरि प्रयोग गर्न मिल्छ कि मिल्दैन ?’ सांसद थापाको यो प्रश्नमा डा. सुवेदीले प्रस्टसँग भने, ‘एन–९५ र सर्जिकल मास्क धुन मिल्दैन ।’

उनले अगाडि भने, ‘यस्तो मास्क धोएपछि त्यसको छिद्रहरूमा रहेको कपडा बिग्रन्छ । भाइरस सजिलै छिर्न सक्छ ।’ धुन नमिल्ने भए के आज लगाएको मास्क भोलि पनि लगाउन मिल्छ त ? त्यो पनि मिल्दैन । यस्तो महामारीको समयमा मास्क लगाएर हिंड्दा त्यसको बाहिरी पत्रमा संक्रमित व्यक्तिको थुकको छिटा परेको छ भन्ने हामीले सोच्नुपर्छ । त्यहाँ कोरोना भाइरस हुन सक्छ भन्ने हामीले ख्याल राख्नुपर्छ ।

त्यसैले त्यो मास्क भोलिपल्ट फेरि प्रयोग गर्नु त परको कुरा, त्यसको बाहिरी पत्र हातले छुन पनि हुँदैन । कसैगरी छोइहाल्यो भने हात साबुनपानीले धुनुपर्छ वा स्यानिटाइजर लगाइहाल्नुपर्छ । धुन पनि नमिल्ने, भोलिपल्ट फेरि लगाउन पनि नमिल्ने भए के अब हरेक दिन नयाँ मास्क किनेर लगाउनु ? त्यो त कसरी साध्ने होला र ? यसमा डा. सुवेदीको जवाफ छ, ‘धुन नमिले पनि मास्क पुनः प्रयोग गर्ने तरिका छ । हामी स्वास्थ्यकर्मीहरु आज एउटा मास्क लगाउँछौं । त्यसलाई खोलेर कोठामा अलक्क कतै झुन्ड्याएर राख्छौं । भोलि फेरि अर्को लगाउँछौं। त्यसलाई पनि उसैगरी झुन्ड्याएर राख्छौं । यसरी चार दिनसम्म हामी चारवटा छुट्टाछुट्टै मास्क लगाउँछौं ।’

उनले अगाडि भने, ‘पाँचौं दिनमा म पहिलो दिन लगाएको मास्क लगाउँछु । यसको कारण के भने, पहिलो दिन लगाएको मास्कको बाहिरी पत्रमा भाइरस परेको छ भने पनि त्यो ७२ देखि ९६ घन्टासम्म मरिसकेको हुन्छ । पहिलो दिन लगाएको मास्क चार दिनपछि फेरि लगाउँदा सुरक्षित हुन्छ । र, यसरी हामी मास्क नधोइकन पनि पुनः प्रयोग गर्न सक्छौं ।’

यसबीच मास्क च्यात्तियो, प्वाल पर्‍यो वा मैलियो भने त्यसलाई सिलाउने वा टाल्ने होइन, बरु फेरिहाल्नुपर्छ । सिलाएको, टालेको मास्कले पनि हामीलाई भाइरसबाट जोगाउँदैन । सँगसँगै, आफूले खोक्दा वा हाच्छिउँ गर्दा थुकका छिटाले मास्कको भित्री भाग भिजेको छ भने पनि अर्को फेरिहाल्नुपर्ने उनी बताउँछन् ।

पछिल्लो समय विदेशतिर र नेपालमा पनि कपडाको मास्क सिलाएर लगाउने चलन बढेको छ । केही नेपाली व्यवसायीले पनि कपडाको मास्क बनाएर बेच्न थालेका छन् । मास्क बनाउँदा दुई खालका कपडा प्रयोग गर्नुपर्छ । कटन र फलाटिनका कपडा बढी प्रचलित छन् । यसरी दुई किसिमका कपडाको पत्र राखेर बनाइएको मास्क सुरक्षित हुने डा. सुवेदीले जानकारी दिए ।

‘कपडाको मास्क धुन मिल्छ । धुँदा त्यसको फेब्रिक बिग्रँदैन,’ उनले भने, ‘मास्कमा दुई किसिमका कपडाको पत्र प्रयोग भएको छ भने त्यसले एक किसिमको बिजुलीको तरंग पैदा गर्छ । त्यस्तो मास्कको बीचको तहमा बिजुली हुन्छ, जसले भाइरस छिर्न दिँदैन। यस्तो मास्क एन–९५ जत्तिकै प्रभावकारी हुन्छ ।’

मान्छेले आफूलाई लक्षण नदेखिएको भए पनि मास्क लगाउन किन जरूरी छ भनेर उनले चर्चा गरेका छन् । श्वासप्रश्वासका क्रममा मान्छेको नाक–मुखबाट निस्कने थुकका छिटाहरूबाटै यो भाइरस सर्ने हुँदा मास्क लगाउनु जरूरी भएको उनी बताउँछन् । उनका अनुसार, अर्को मान्छेले खोकेको वा बोलेको बेला मुखबाट निस्कने छिटाबाट जोगिन मात्र मास्क लगाउने होइन । त्यसो गर्दा थोरै मान्छेले मात्र मास्क लगाउँछन् ।

‘यसरी थोरै मान्छेले मात्र लगाउँदा संक्रमणको लक्षण नभएका मान्छे मास्क नलगाई हिंड्छन् । लक्षण नभएका मान्छेलाई आफू संक्रमित भएको थाहा हुँदैन । उसले सास फेर्दा निस्कने छिटाबाट अरूलाई रोग सर्छ । त्यसैले, मास्क सबैले लगाउनुपर्छ। आफूलाई संक्रमणको कुनै लक्षण छैन भने पनि मास्क लगाएर हिंड्ने बानीले यो रोग सर्न पाउँदैन,’ उनले भने ।

सबैले सर्जिकल मास्क, एन–९५ मास्क वा दुई–तीन तहको कपडाको मास्क लगाएर हिंड्यौं र सही ढंगले लगायौं भने कोरोना भाइरसको महामारी आफैं नियन्त्रण हुने विभिन्न अध्ययनले देखाएको उनले जानकारी दिए ।

यसको व्यवहारिक प्रयोग जापानको अनुभवले देखाएको उनले उदाहरण दिए । ‘जापानको जनसंख्यामा वृद्धहरूको अनुपात बढी छ । तै पनि त्यहाँ लकडाउन गरिएन । अरु देशको तुलनामा त्यहाँ मृत्युदर र संक्रमण दर पनि कम छ । जापानमा सबैले मास्क लगाएर हिंड्नु नै यसको एउटा मुख्य कारण हो,’ उनले भने । उनले अगाडि भने, ‘मास्क लगाउनु भनेको आफू जोगिन मात्र होइन, अरूलाई जोगाउन पनि हो । आफूलाई खोकी लागिरहेको छ वा कुनै किसिमको रोग छ, तर मास्क लगाएको छैन भने अरूको निम्ति अभद्र वा गैरजिम्मेवार व्यवहार गरेको ठानिन्छ । यो जापानको सामाजिक मान्यता नै हो । यसले जापानमा लक्षण नभएका मान्छेबाट रोग सर्न पाउँदैन । त्यसले समुदायमा संक्रमण एकदमै नियन्त्रणमा छ ।’

डा. सुवेदीको कुरा सुनेर तपाईंले पनि मास्क लगाउने तरिका थाहा पाउनुभयो होला? कतै तपाईंहरु पनि सर्जिकल मास्क वा एन–९५ मास्क धोएर त लाइरहनुभएको थिएन ? वा, हरेक दिन एउटै मास्क लगाइरहनुभएको थियो कि ? त्यसो गर्नुभएको थियो भने डा. सुवेदीको सुझाव अमल गर्नुस् है ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय
सिरहा

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

# समुदायका लागि स्वराज

**पालिका बहस**

**डा. विजयप्रसाद मिश्र**



समुदायमा आवश्यकताहरु छन् । समस्याहरु छन् । मानिसको आ-आफ्नै व्यक्तिगत समस्याहरु हुन्छन् । परिवार भित्रको समस्या उत्तिकै छ । छिमेकी, टोल, बस्ती, समुदाय, टोल-टोलबीचका पनि आ-आफ्नै समस्या र आवश्यकता छन् । समस्या छन् भनेर पन्छिनुभन्दा समस्या समाधान गर्नका लागि अग्रसर हुनुपर्दछ । समस्या समाधान गर्नकै लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको समेत अधिकार लिएर आएको पालिकाहरु छन् । वडा समितिहरु छन् । उनीहरु मार्फत राज्यले नागरिकका लागि टोल, समुदायका लागि गर्न खोजेका सेवाहरु धेरै छन् । जनप्रतिनिधिहरु सेवा गर्नकै लागि निर्वाचित भएका हुन् । उनीहरूसंग कसरी सेवा लिने भन्ने मूख्य कुरा गाउँ समाजको सक्रियतामा भर पर्दछ । यसको लागि आफ्नो, परिवारको र समुदायको विकासको लागि आफै, सिंगो परिवार र सिंगो समुदाय एकजुट भएर अग्रसर हुनु जरूरी छ । सेवा पाउनु नागरिकको अधिकार हो । संविधान, ऐन, कानुन, नियमावलीले दिएको अधिकार खोज्नु स्वराज स्थापना गर्न खोज्नु हो । समुदायका अधिकारका लागि नयाँ कानुन बनाउन पालिकालाई दबाब दिनु पनि स्वराज कै अभियान हो ।

आफ्नो क्षेत्रको जल, जमिन र जंगलमा स्थानीयको अधिकार हुन्छ । समुदायमा कुन आवश्यकता कसरी पुरा गर्ने भन्ने अधिकार समेत समुदायलाई नै हुन्छ । जनप्रतिनिधि र पालिका त माध्यममात्र हुन । त्यसैले आफ्नो लागि चाहिने नियम कानुन, विकास, सशक्तिकरण आफ्नो वा समुदायको इच्छा अनुसार गराउने अभियान नै स्वराज हो । तपाईहरूको सोच, समुदायको सोच, के स्वराजको अवधारणा अनुसार अघि बढी रहेको छ ? आंशिक कतै कतै होला । तर सबैतिर पालिकाबाट समुदायलाई स्वराजमूखी बनाउनका लागि अहिलेदेखि नै बहस चलाऔं ।

गाउँ बलियो भएन भनेर निराश हुनुभन्दा गाउँमै सबै समुदायका मानिसहरु मिलेर नियमित रूपमा आफ्ना टोल छिमेकका मूख्य-मूख्य समस्याहरु के के हुन् ? को मार्फत कसरी गइयो भने समाधान गर्न सकिन्छ ? यसका लागि सरकारी योजनाहरु के-के छन् ? ती प्राप्त गर्ने माध्यमहरु के-के हुन भन्ने विषयमा घनिभुत छलफल गर्नु आवश्यक छ । आफ्नो अधिकार आफैले संचालन गर्ने गरी प्राप्त गर्नु नै स्वराज हो । हाम्रो लागि हामी आफै गर्दछौं । समुदायले एकजुट भएर स्वराजको अवधारणा अनुसार चल्ने प्रतिज्ञा गर्‍यो भने गाउँको विकासमा भइरहेको राजनीतिक पार्टीको नाङ्गो हस्तक्षेप रोक्न सकिन्छ । विकासमा जब हामी समुदाय भित्रै पार्टी पार्टीका कुरा गर्न थाल्दछौं तब विकास होइन मनमुटाव सुरू हुन्छ । सकभर पालिकाको निर्वाचन नै स्वतन्त्र किसिमले हुनुपर्ने अभियानमा लाग्नु पर्दछ । प्रान्तीय र संघीय निर्वाचनमा राजनीतिक पार्टीबाट प्रतिस्पर्धा गर्नु स्वभाविक हो । तर स्थानीय निकायहरूको निर्वाचनमा पार्टीको हाबी हुँदा घर परिवार भित्रै पार्टीगत विवाद हुन्छ । समुदायमा धेरै पार्टीबीच प्रतिस्पर्धा हुन्छ र एकले अर्कालाई खुट्टा तान्ने बानीको विकास हुन्छ । फलाना यो पार्टीको हो त्यसैले उसको अगुवाईमा भएको विकास हामी स्वीकार्दैनौ भन्ने भावनाको विकास भयो पनि विकास प्रति ममता माया, लगाव हुँदैन । विकासको बजेटमा लोभ पस्यो भने काम गुणस्तरको हुँदैन । जति लोभ गर्‍यो उत्ति ठेकेदार र कमिशनका कर्मचारी मोटाउने हुन् । यसले मनोवैज्ञानिक असर पर्दछ । पालिकाले पनि यो पार्टीको नेता भएकोले मैले दिएको भन्ने पार्नु भन्दा समुदाय सबैको पहल र सक्रियतामा यो काम भइरहेको छ भन्ने सन्देश समुदायमा दिनेगरि योजना छनौट देखिनै काम कारवाही गरेको हुनुपर्दछ । यसले समुदायमा हुने सबैकाममा सबैले चाँसो लिनेछन् । यो सब हुनका लागि स्वराजको अवधारणालाई अवलम्बन गर्नै पर्दछ ।

विश्वमा एउटा धारणा द्रुत गतिले अघि बढीरहेको छ की सबै संसार शहर बन्दैछ । केही सय बर्ष भित्रमा सबै संसार शहर बन्दैछ । तर के यो सम्भव छ ? संसार शहर बन्नका लागि जति गाडीहरु चाहिन्छ त्यति गाडी वा यान्त्रिक औजारहरु बनाउनका लागि यो संसारमा फलाम नै पुग्दैन । ६ अरब मानिसलाई मोटर दिने हो भने कहाँवाट फलाम ल्याउने ? कि त काठको मोटर बनाउन सुरू गर्नुपर्दछ । गाडीमा हाल्ने पेट्रोल, डिजलले पनि पुग्दैन । कहाँबाट ती कुरा ल्याउने ? नविकरण हुन नसक्ने उर्जाको आधारमा बर्तमान सभ्यता बनाएको छ । नविकरण हुन नसक्ने उर्जा यो संसारमा सीमित छ । जबसम्म हामी कपास, पात, काठको प्रयोगको बानी बसाल्दैनौं वा नविकरण हुन सक्ने उर्जाको आधारमा सभ्यताको विकास गर्दैनौ तब सम्म हामी अरूको अधिनमा हुन्छौं । त्यसैले पनि नविकरणीय उर्जाको प्रयोग गर्ने बानी बसाल्नु पनि स्वराज हो । आफ्नो अधिनमा रहेर जीवन निर्वाह गर्नु नै स्वराज हो । अरूको अधिनमा रहनु स्वराज होइन । हामी दूरदर्शी भएर समुदायलाई लामो समयसम्म हीत गर्ने, अर्काकोमा आश्रित नभइकन समुदायको दैनिकी चलाउन सकिने किसिमले विकासका पूर्वाधारहरु तयार गरौं, शिक्षा, सीप पनि सोही अनुसारको लिन समुदायका यूवा, बालबालिकालाई प्रेरित गरौं । यसले सही अर्थमा स्वराज स्थापना गर्न सकिन्छ । विदेशी कागज, कपडा, खाना, छानामा भर परेर कसरी स्वराज स्थापना हुन सक्छ । नागरिकका लागि आवश्यक आधारभूत आवश्यकताहरु आफ्नै समुदायमा उत्पादन गर्ने, आफ्नै देशभित्रमा उत्पादित सामग्रीहरूको प्रयोग गर्न सबैलाई प्रोत्साहित गर्ने र समुदायमा हुन सक्ने उत्पादनलाई अन्यत्र बजारिकरण गरेर समुदायलाई स्वतन्त्र, सवल र परिश्रमी बनाउनु नै स्वराज हो ।

अर्ग्यानिक किसिमले जीवन निर्वाह गर्ने प्रयास गर्नु । स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकता दिनु नै स्वराज हो । गाउँघरको पुरानो परम्परामा समुदाय बजारमा आश्रित हुनु पर्दैनथ्यो । सबै समस्या समुदायमै समाधान हुन्थे । अब सानो कुराको लागि पनि बजार धाउनु पर्ने भएको छ । मल्टिनेशनल कम्पनीको कारणले मानिस झन् झन् चंगुलमा फस्दै गएका छन् । गाउँमा बीऊ जोगाउन सकिएको छैन । खाजाको लागि चाऊचाऊ र फास्टफुडमा पल्किएका छौं । यो सबैले गाउँलाई पराधिन बनाउँदैछ । हामी पराधिन हुँदैछौं । एक दिन यस्तो आउँछ, हामी हाम्रो इच्छाले न त केही उब्जाउन सक्छौं न त केही उपयोग गर्न पाउँछौं । त्यो दिन स्वराज होइन । गाउँमा अब पुःन पुरानो तरिकालाई नयाँ ढंगले अवलम्बन गर्दै अघि बढनु पर्दछ । जम्मै पुरानो सम्भव हुदैन । तर, पुरानोको सम्पूर्ण राम्रो कुराको रक्षा गर्नु पर्दछ ।

माहात्मा गान्धीले मानिसलाई पहिले आफू माथिको आफ्नै शासन लगाउ भन्थे । आफूलाई शासन गर्न नसक्ने मानिसले लोकतन्त्रको सही कार्यान्वयन गराउन सक्दैन । घर परिवारमा समुदायमा बसोबास गर्ने सबै पहिले आफूमाथी आफ्नो शासन स्थापना गर्न सक्नु पर्दछ र समुदायले बनाएको आचरसंहिताहरूको बीचमा बसेर स्वयंलाई सिस्टममा, विधिमा ढाल्नु पर्दछ ।

मानिसले म फलानो कुरा खान्न भन्ने तर कसैको दबाबमा आएर खाइदिने । कुनै कुरा गर्दिन भन्दाभन्दै मन थाम्न नसकेर अदम्य बासना भयो भनेर गरिहाल्ने । त्यो स्वराज होइन । गान्धीले पहिले आफूलाई जीत भनेका थिए । हामीले गाउँमै पाउने सामान छ भने बजारमा सस्तो पाए पनि गाउँ कै किनेर सदुपयोग गर्नु पर्दछ । आफूले उत्पादन गरेको सामग्री बजारमा महंगोमा बिक्री हुन्छ भन्ने सोचेर समुदायमा नबेची शहर लाने चलन राम्रो होइन । पहिले समुदायलाई प्राथमिकता दिनु नै स्वराज हो । गाउँपालिका र नगरपालिकाहरूले कृषि, पशुपालन, फलफूल खेती, दैनिक आवश्यकता पूर्ति गर्ने कुटिर उद्योगहरु संचालन गर्न समुदायलाई सहयोग गरेर सामुदायिक प्रणालीबाट मिलेर गर्ने काममा प्रोत्साहन गरेर समुदायको स्वराज अवलम्बन गर्ने इच्छालाई पुरा गर्ने बाटो समात्नु पर्दछ । वा भनौ समुदायलाई स्वराजमूख बनाउने गरि पालिकाले नीति नियम बनाउने, कार्यान्वयनमा समुदायको साथ लिने काममा अग्रसर हुनु पर्दछ ।

गाउँमा उत्पादन भएको, स्वदेशमा उत्पादन भएको सामग्रीलाई पहिलो प्राथमिकता दिएर प्रयोग गर्ने बानी बसाल्नु नै स्वराज हो । स्थानीय पर्वहरूलाई पूर्ण रूपमा मनाउने, टोल छिमेकको रीतिरिवाजलाई संरक्षण गर्ने, परम्परागत सीपको संरक्षण र प्रबर्धन गर्ने अभियान पनि स्वराज भित्र पर्दछ । आफ्नो शरीरको ख्याल गरी भोजन गर्ने, घर परिवारका सबै सदस्यको आत्मसम्मानको ख्याल गर्ने, गाउँ, छिमेकका नाता, मान्यजनलाई गर्नु पर्ने सम्मानमा कमि हुन नदिने । सामाजिक सद्भावलाई सदैब ख्याल गर्ने । तिहुन, अचार, कोसेली आदानप्रदान गर्ने । अैचोपैँचोमा लेनदेनमा सहजरूपमा सहयोगी बन्ने कामलाई पुरानै अवस्थामा पुर्‍याउने । परिवार, छिमेकी, समुदाय तथा गाउँका संगठनहरूलाई एउटै सर्किलमा सहज रूपले चल्न सक्ने गरि कृयाकलापहरु निरन्तर गरिरहने काम पनि स्वराजले गर्दछ । हामी स्वराजबाट निकै टाँढा पुगिसकेका छौं । लत्ताकपडा, खानपिन, बोलीबचन सबैमा परनिर्भर भइरहेका छौ । आऔं सबै मिलेर स्वराजका लागि केही गरौं । स्वराजका लागि सक्रिय होऔं । पालिकालाई स्वराजसंग सम्बन्धित गतिविधि गर्न दबाब दिऔं । विकासका धेरै मोडलहरु मध्ये स्वराजको अवधारणालाई आधार मानेर गरिने विकास र भएका उत्पादनको वितरण गर्ने प्रणालीको प्रचार प्रसार गरौं । जय स्वराज । जय समुदाय ।

**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)